# नगर प्रहरी छनौटमा मनोमानी गरेको भन्दै असन्तुष्टि



■ टेकेन्द्र बोहरा

बझाङ । बझाङको जयपृथ्वी नगरपालिकाले भर्ना गरेका नगर प्रहरीको छनौटमा आफ्नो छोरा र आफ्ना नजिककाहरु लाई छनोट गरेको भन्दै अन्य परिक्षार्थीहरुले पुनः जाँच गराउन माग गरेका छन् । नगरपालिकाले सोमबार सार्वजनिक गरेको नामावलीमा जनप्रतिनिधिका आफन्तहरुलाई मात्रै स्थान दिएको एक परीक्षार्थी कलक खड्काले बताए । खड्काले भने, 'हामिले नगर प्रहरीमा हामीले निष्पक्ष छनौट गरिनुपर्ने माग राख्दै हस्ताक्षर बुझाएका छौं, त्यो कार्यान्वयन हुनैपर्छ ।'

नगर प्रहरीमा नाम निकालेकाहरुका मध्ये एकजना नगरपालिमा कार्यरत अधिकृतका आफन्त, मेयरका छोरा र उपमेयरका आफन्त रहेको अर्का परिक्षार्थीले बताए । उनले भने, ' हाम्रो निवेदन माथि छलफल नभए आन्दोलन गर्ने चेतावनी दिन चाहन्छु ।'

नगर प्रहरीमा १२ जनाको नाम छनौट भएको छ । जसमा नगर प्रमुख, उपप्रमुख तथा कर्मचारीहरुका आफन्तहरु परेको भन्दै सामाजिक सञ्जालमा पनि चर्को आलोचना भइरहेको छ । जनप्रतिनिधीहरुले आफ्नो कार्यकाल सकिन लाग्दा नगरपालिकामा आफन्तहरुलाई भर्ति गरेको स्थानीयहरुको आरोप लागेको छ ।

# 'नारायणी नदी किनारका जनता त्रासबाट मुक्त भए'

■ सौर्य समाचार

चितवन । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नारायणी नदी किनारका जनता त्रासबाट मुक्त भएको बताएका छन् । नारायणी नदी नियन्त्रण आयोजनाको शिलान्यास समारोहमा बोल्दै उनले नदी कटानको समस्या र नागरिकले भोग्नुपरेको पीडा अब अन्त्य भएको बताएका हुन् ।

आफूले पहिलो पटक प्रधानमन्त्री हुँदा ल्याएको जनता तटबन्धन कार्यक्रम कार्यान्वयनमा आएको बताउँदै उनले अब नारायणी नदी किनारका जनता त्रासबाट मुक्त भएको बताए । उनले भने, 'वर्षा सुरु भएसँगै पानी पर्दा नारायणी नदीमा बाढीको बहाव आउँदा काठमाडौं बस्दा पनि डुबान, कटान के भयो होला ? त्यस भेगका नागरिक मतदाता के गर्दै होलान् भन्ने चिन्ता भई नै रह्यो ।' उनले आफूले जनतासँग गरेको वाचा पुरा गरेको बताए ।



नारायणी नदी नियन्त्रण तथा तटबन्धन कार्यक्रम सम्पन्न हुँदा यो क्षेत्र सहर र विकासको केन्द्र हुने उनको भनाइ थियो । भरतपुरको विकास देशकै एक मोडेलको रूपमा स्वदेश र विदेशमा चर्चा हुने गरेको उनले बताए । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले यस आयोजना निर्माणका लागि मन्त्रालयको आन्तरिक स्रोत परिचालन गरिएको बताइन् । विगतमा अभिशाप बनेको नारायणी तटीय क्षेत्र तटबन्धन सम्पन्न हुँदा बरदानको रूपमा परिणत हुने उनको भनाइ थियो । आयोजना सम्पन्न हुँदा २ ९० बिघा जमिन संरक्षण हुने र केही रकम लागत खर्च वापत लिएर सो क्षेत्र उकास भएको जमिन सम्बन्धित जग्गा धनीलाई नै दिने आयोजनाको लक्ष्य रहेको उनले जानकारी दिइन् । तोकिएकै समयमा गुणस्तरीय ढङ्गले काम सम्पन्न गर्न निर्माण व्यवसायी र सम्बन्धित कर्मचारीलाई उनले निर्देशन दिइन् ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले यो आयोजना सम्पन्न हुँदा नदी तटीय क्षेत्रका नागरिकले कहिलै दुःख भोग्नुनपर्ने बताइन । यो आयोजनाले नागरिकको धन जनाको रक्षा गरेको भन्दै आफूले निर्वाचनका बेला गरेको बाचा पूरा गरेको बताइन । रु. चार अर्ब ३२ करोडको लागतमा सुरू भएको नदी नियन्त्रण कार्य दुई वर्षमा सम्पन्न गरिसक्ने लक्ष्य लिईएको छ ।

# राष्ट्रिय कृषिगणना सम्बन्धी सचेतना गोष्ठी



■ सौर्य समाचार

बझाङ । बझाङमा राष्ट्रिय कृषिगणना सम्बन्धी जिल्ला स्तरीय सचेतना गोष्ठी सम्पन्न भएको छ । जिल्ला कृषि गणना कार्यालय बझाङको आयोजनामा जिल्ला प्रशासन कार्यालयको सभाहलमा सचेतना गोष्ठी सम्पन्न भएको हो । 'कृषि गणनाको सार कृषि योजनाको पुर्वाधार' भन्ने मुल नाराका साथ राष्ट्रिय कृषि गणना २०७८ लाई सफल पार्न सरोकारवाला निकायहरुसँग सचेतना गोष्ठी समपन्न भएको जिल्ला कृषि गणना कार्यालय प्रमुख दिपेन्द्र धामीले बताए ।

सचेतना गोष्टिमा वोल्दै कार्यालय प्रमुख धामीले १० बर्षको अन्तराल पछि हुने गणना संघीयता पछिको पहिलो भएको र बझाङका १२ वटा स्थानीय तहमा १ सय ३७ वटा गणना क्षेत्र तोकिएको बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बाबुराम अर्याल जयपृथ्वी नगरपालिका नगरप्रमुख विरेन्द्र बहादुर खड्का प्रहरी प्रमुख ज्ञान बहादुर बिष्ट लगाएत पत्रकार सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# गणपूरक संख्या नपुगेपछि प्रदेशसभाको बैठक स्थगित




■ सौर्य समाचार

जनकपुर । मधेस प्रदेशसभाको बुधबारको बैठक स्थगित भएको छ । बैठकमा आवश्यक गणपूरक संख्यामा प्रदेशसभा सदस्य उपस्थित नभएपछि सभामुख सरोजकुमार यादवले बैठक बिहीबार बिहान ११ बजेसम्मका लागि स्थगित गरेका हुन् । बैठकको सुरुमै प्रतिपक्षी दलका प्रदेशसभाका सदस्यले बैठकका लागि आवश्यक गणपूरक संख्या उपस्थित नरहेकाले बैठक स्थगित गर्न माग गरेका थिए ।

बैठकको सुरुमै बोल्दै लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेशसभा सदस्य तथा सचेतक परमेश्वर साहले बैठकका लागि चाहिने आवश्यक गणपूरक संख्या उपस्थित नरहेकाले बैठक स्थगित गर्नुपर्ने बताए । आजको प्रदेशसभा बैठकमा प्रदेशप्रमुख कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्र वाचन गर्ने, प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहद्वारा प्रस्तुत प्रदेश प्रहरी ऐन कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथि समेत छलफल हुने कार्यसूची थियो ।

यस्तै आजको बैठकमा प्रदेश सरकारका उद्योग, पर्यटन तथा वनमन्त्री सत्रुधन महतोले प्रदेश पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सचिव रन्जितकुमार यादवले जानकारी दिए ।

# आयुर्वेदिक औषधालय सञ्चालनमा




■ सौर्य समाचार

तनहुँ । म्याग्दे गाउँपालिका-२ जामुनेस्थित आयुर्वेदिक औषधालय सञ्चालनमा ल्याइएको छ। उक्त आयुर्वेदिक औषधालयको गाउँपालिका अध्यक्ष मायादेवी रानाले उद्घाटन गरेपछि सञ्चालनमा ल्याइएको हो । विसं २००६ मा स्थापना भएको जामुने आयुर्वेदिक औषधालयको अहिले आफ्नै सुविधासम्पन्न भवन निर्माण गरेपछि स्थानीयवासीलाई सेवा लिन सहज भएको छ । संघीय सरकारको बजेटबाट भवन निर्माण सम्पन्न गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए । कूल एक करोड ५८ लाख ८८ हजार २३१ को लागतमा भवन निर्माण गरिएको हो ।

त्यसैगरी, गाउँपालिका मातहतका वडा नं ३ र ४ को नवनिर्मित दुई भवनको हालै उद्घाटनपश्चात् सञ्चालनमा ल्याएको छ । उक्त दुवै भवन ४५ लाख ३० हजार ९२४ का दरले निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत नारायणप्रसाद अधिकारीले बताए । वडा कार्यालय भवन बनाउनको लागि निःशुल्क रुपमा आठ आना जग्गासहित पास खर्चसमेत व्यहोर्ने गरी स्थानीय कृष्णराज पण्डितले प्रदान गरेका छन् । गाउँपालिकाका सबै वडा आफ्नै पालामा सम्पन्न गरेर उद्घाटन गर्ने सोच बनाए पनि कोभिड तथा ठेकेदारका कारण वडा नं ६ र ७ भवन निर्माण सम्पन्न गर्न नसकिएको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले जानकारी दिए ।

# धमाधम प्रविधिसँग जोडिँदै तेह्रथुमका विद्यालय

■ सौर्य समाचार

तेह्रथुम । प्रविधिको विकाससँगै इन्टर नेटको पहुँच गाउँगाउँमा पुग्न थालेपछि तेह्रथुम जिल्लाका विद्यालयहरू डिजिटल प्रविधिसँग जोडिन थालेका छन् । जिल्लाको ग्रामीणस्तरमा रहेका विद्यालयहरूमा समेत पछिल्लो समय एन्टरनेट जडान भएपछि डिजिटल प्रविधिसँग जोडिएका हुन् । केही वर्षअघिसम्म कागजात पत्रमार्फत सम्प्रेषण गर्दै आएका विद्यालयहरू आफ्नै कार्यालयबाट इमेल गर्न थालेका छन् ।

विद्यार्थी, अभिभावक, शिक्षक र समुदायलाई एकै साथ सूचना प्रविधिमा जोड्न तेह्रथुमका चारवटा माध्यमिक विद्यालयमा डिजिटल साक्षरता अभियान सुरु भएको छ । प्रदेश १ सरकारको सामाजिक विकास मन्त्रालयले डिजिटल साक्षरता अभियान सुरु भएपछि शिक्षकका साथै विद्यार्थीहरूलाई समेत पठनपाठनमा सहज भएको छ । ई-एजुकेसनको माध्यमबाट सिंगो समुदायलाई कम्प्युटर प्रविधिमा जोड्ने उद्देश्यले 'प्रदेश समृद्धिको आधार, शिक्षामा डिजिटल पूर्वाधार' नाराका साथ मेन्छ्यायेम गाउँपालिकाको गौखुरी मावि र श्रीजुङ मावि, फेदाप गाउँपालिकाको जनज्योति मावि र छथर गाउँपालिकाको भगवती माविमा एकै साथ डिजिटल साक्षरता अभियान सुरु भएका छन । विद्यालयमा डिजिटल प्रविधिबाट पढाइ सुरु भएपछि पुस्तकमा नभएका नयाँ नयाँका शैक्षिक सामग्रीको अध्ययन गर्नसमेत सजिलो भएको भगवती माध्यमिक विद्यालयमा कक्षामा अध्ययनरत विद्यार्थी निशा बाग्दासले बताइन् । उनी भन्छिन् ' आफूले नजानेको कुराहरू गुगलमार्फत खोजेर पढ्न पाएका छौ । किताबमा नभएका शैक्षिक सामग्रीहरू पनि सजिलै पाइन्छ । डिजिटल प्रविधिसँगै इन्टरनेट जडानले शिक्षक नहुँदा पनि अध्ययन गर्न सजिलो भएको छ ।' कक्षाहरूमा स्माटबोर्ड जडान गरी अध्यापन गर्दै आएको विद्यालयहरुले जनाएका छन् । स्मार्ट बोर्डहरूमा नेट जडान भएकाले सचित्र पठनपाठन गर्दै आएको भगवती माध्यमिक विद्यालयका प्रधानध्यापक श्रीमान बस्नेतले बताए । 'विद्यालयमा डिजिटल कक्षा सुरु भएपछि विद्यार्थी र शिक्षक दुवैलाई पढ्न पढाउन सहज भएको छ । शिक्षक नहुँदा पनि विद्यार्थीहरूलाई आफ्नो विषयवस्तुलाई सहजै रूपमा पढ्न पाउने गरेका छन । स्मार्टबोर्ड र स्मार्ट टिभी जडान गरी सबै कक्षामा डिजिटल कक्षा सञ्चालन गर्ने तयारीमा जुटिरहेका छौ,' प्रधानध्यापक बस्नेतले भने । प्रविधिको विकाससँगै जिल्लाका विद्यालयरूमा कम्प्युटर जडान भएका छन् । कम्प्युटरको साथमा इन्टरनेट जडान गर्ने क्रम बढ्दो छ ।



# ऊनको अभावमा चल्न छोड्यो चर्खा

■ सौर्य समाचार

म्याग्दी । उत्तरी र पश्चिमी म्याग्दीको माथिल्लो क्षेत्रमा व्यवसायिकरुपमा भेडापालन हुँदै आए पनि भेडाको ऊन निकालेर कपडा बनाउने चलन भने हराउँदै गएको छ । गाउँघरमा चर्खा चलाउने र भेडाको ऊनबाट धागो निकालेर कपडा बनाउने जनशक्तिको अभावमा गतिलो आम्दानीको माध्यम बन्न सक्ने ऊनका कपडा गाउँघरबाट नै लोप हुन थालेका स्थानीयवासीले बताएका छन् । भेडापालनबाट गाउँलेले राम्रो आम्दानीसमेत गर्दै आएका भए पनि भेडा मासुका रुपमा मात्र प्रयोग गरिँदा ऊनबाट हुने व्यावसायिक फाइदातर्फ किसानहरुको ध्यान जान सकेको छैन ।

भेडाको रौं निकालेर चर्खामा घुमाई ऊन (धागो) बनाउने सीप नहुँदा आम्दानीको गतिलो माध्यम बन्न सक्ने ऊनका कपडा गाउँघरमा समेत मुस्किलले देख्न पाइने मल्काबाङका पुनम छन्त्यालले बताइन । भेडाको रौंबाट बनेका ऊनका कपडाको माग देश-विदेशमा समेत उच्च रहे पनि चर्खा चलाएर धागो निकाल्ने र तान लगाएर कपडा बुन्ने जनशक्तिको अभावमा दोहोरो आम्दानीबाट वञ्चित हुनु परेको भेडापालक कृषकहरुको भनाइ रहेको छ ।

ऊनबाट बन्ने कपडाहरू (हापदुला, काम्लो, बख्खु, घुम) को माग नेपाली तथा बाहिरी बजारमा निकै बढेको पाइन्छ । गाउँघरका बूढापाकाहरुले सीप हस्तान्तरण गर्न नसक्दा अहिलेका युवा पुस्तामा चर्खा चलाएर धागो निकाल्ने र तान फिजाएर कपडा बनाउने सीप नभएको र युवाहरु परम्परागत सीप सिकेर जीविकोपार्जन गर्नुभन्दा विदेश गएर केही वर्ष दुःख गरी पैसा कमाउनतर्फ लालायित हुने गरेकाले गाउँघरमा चर्खा चल्न छोडेका मालिका गाउँपालिका-५ देविस्थानका टेकबहादुर बुढाले बताए ।

धवलागिरि गाउँपालिका-५ की तेजमायाँ विक उमेरले ७१ वर्षकी भइन । जान्ने भएदेखि नै चर्खा चलाएर भेडाको रौंबाट ऊन निकाली हापदुला र काम्लो बनाउने गरेकी उनले अहिले हातले भर दिन छोडेपछि चर्खा चलाउन पनि छोडेकी छिन् । उनले ४३ वर्षसम्म चलाएको चर्खा अहिले सिकुवामा थन्किएको छ ।

तेजमाँयाले ऊनबाट बन्ने कपडा सानैबाट बनाउँदै आएकी हुन् । उनले रौंबाट बन्ने कपडा बुन्न बजैबाट (हजुरआमा) सिकेकी हुन् । तर अहिलेका पुस्ताले यसप्रति चासो नराखेको उनले बताइन । 'मैले सानैदेखि बुन्दै आएकी हुँ, सानोमा बजैले बुनेको देखें, त्यसपछि मैले पनि बुन्न थालेँ, तीन वर्षअघिसम्म त बुन्दै आएकी थिएँ, अहिले हातगोडा दुख्न थाल्यो र बुन्न छोडेकी हुँ,' उनले भनिन, 'अहिलेका पुस्ताले यस्ता कामहरू गर्ने जान्दैनन्, चासो नै दिँदैनन्, हाम्रो शषपछि यी सबै कुरा हराएर जान्छन्।' 'त्यतिबेला अहिलेको जस्तो सिरक, डसनाको जमाना थिएन,' उनले भनिन, 'सबै भेडाको रौंबाटै बनेका घुम, काम्लो थियो, कपासको कपडा त धेरै पछि आएको हाम्रो ठाममा ।'

अहिलेका पुस्ताले परम्परागत सीप नसिकेकोप्रति उनी चिन्तित छिन् । उनले भनिन्, 'अहिलेका केटाकेटीहरु पुरानो जमानाका कुरालाई खुइले कुरा भन्छन्, चासै दिँदैनन्, हामी बाँचुन्जेल ओढ्ने, ओछ्याउने हो मरेपछि यी पुराना थाउनालाई हामीसँगै पोलिदिन्छन् ।' ऊनबाट बुनेको कपडाको मूल्य न्यूनतम पाँच हजारदेखि ४०/५० हजारसम्म पर्ने गरेको स्थानीय बूढापाकाहरुको भनाइ छ ।

न्यानो र पानीसमेत छेक्ने हुँदा यसको माग बढ्ने गरेको धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले जानकारी दिए । उनले पछिल्लो समय ऊनका कपडाहरूको उत्पादन कम हुँदै गएको स्वीकार गर्नुभयो । नयाँ-नयाँ प्रविधिका कारण र बजारमा आउने विदेशी कपडाले ऊनका कपडा ओझेलमा परेको उनको भनाइ छ ।

'पहिले पहिले दुःख पाउने (गरिब) मान्छेले मात्र लगाउने र ओढ्ने ऊनका कपडा अहिले धनीमानी र सौखिन मान्छेले मात्रै खोज्ने र लगाउने गरेको पाइन्छ,' मालिका गाउँपालिका-७ बिमका कर्मबहादुर जुग्जालीले भने, 'यस्ता कपडाहरु वातावरणीय दृष्टिकोणले पनि अत्यन्तै फाइदाजनक हुने हुनाले बुझेका र किन्न सक्ने मानिसहरुले खोजी गर्ने गर्दछन् ।'


## गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सुरी, दोलखा
## बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/१२/१७)

यस कार्यालयबाट मिति २०७८।११।११ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (PS र VAT सहित) |
|---|---|---|---|---|
| १. | GRM/NCB/GOODS/DOLAKHA/04/078/079 | Supply , Delivery Installation & Erection of Internet MS Poles at Various Location of Gaurishankar Rural Municipality | Mandeswori Techno Trade And Suppliers, Bhimeswor -2 Dolakha, | 17,69,481.69/- (Seventeen Lakhs sixty nine Thousands Four Hundred Eighty one Rupees six nine Paisa only ) |

प्रमुख प्रशासकीय अधिकृत